मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १२ गते शनिबार ❑ 25 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## वास्तविक सुकुम्वासीको व्यवस्थापन हुन्छः प्रधानमन्त्री

**रासस**
काठमाडौं, ११ बैशाख

प्रधानमन्त्री वालेन्द्र शाहले देशभरका वास्तविकसुकुम्वासीहरूकोयथार्थ पहिचान गरेर उनीहरूलाई यथाशक्य जग्गा वितरण गरी स्थायी व्यवस्थापन गरिने बताउनुभएको छ।

केहीबेरअघि आफ्नो फेसबुक पेजमा प्रधानमन्त्री शाहले वर्षौंदेखिको सुकुम्वासी समस्याको स्थायी समाधान खोजेर उनीहरूको बसोबासको व्यवस्थापनका लागि सरकारले काम गरिरहेको पनि स्पष्ट गर्नुभएको छ । प्रधानमन्त्री शाहले नदीकिनारमा बसोबास गरिरहेकाहरूको सुरक्षा र उपत्यकाको ढल निकास प्रणाली सुधारका गर्न पनि उनीहरूलाई स्थायी रूपमा अन्यत्रै स्थानान्तरण आवश्यक रहेको पनि बताउनुभएको छ । उहाँले भन्नुभएको छ, "हरेक वर्षको बाढीका कारण काठमाडौँका नदीकिनारमा रहेका मानिसहरूले ज्यान जोगाउन सामान छोडेर भाग्नुपर्ने नियति छ। उनीहरूलाई जोखिमरहित सुरक्षित स्थानमा व्यवस्थापन गर्नु नागरिकको अधिकार हो ।" प्रधानमन्त्री शाहले काठमाडौँको थापाथलीलगायतका बस्तीलाई मानवीयताको ख्याल गरेर बल प्रयोग नगरी सुरक्षित तवरबाट स्थानान्तरण र त्यसपछि व्यवस्थापन गर्न लागिएको पनि जानकारी दिनुभएको छ । प्रधानमन्त्री शाहले आफ्नो चुनावी वाचा र सरकारको १०० दिने कार्ययोजनामा पनि सुकुम्वासी समस्या समाधान गर्ने विषय समेटिएको स्मरण गर्दै झापामा उम्मेदवार हुँदा गरेको वाचा, राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिबद्धता र सरकारको १०० वटा गर्नैपर्ने काममा पनि सुकुम्वासी व्यवस्थापन र सरकारी जग्गा अतिक्रमण रोक्ने विषय रहेको आफूले नबिर्सिएको बताउनुभयो।

## औषधि बजारलाई व्यवस्थित बनाउनु पर्दछः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले औषधि बजारलाई व्यवस्थित र जिम्मेवार बनाउन आवश्यक रहेकोमा जोड दिनुभएको छ।

नेपाल औषधि तथा विक्री प्रतिनिधि संघ (एनएमएसआरए) को २९ औं केन्द्रीय महाधिवेशनको पोखरामा उद्घाटनका अवसरमा उहाँले औषधि विक्रीवितरण मानव स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध जोडिएको निकै संवेदनशील पेशा रहेको बताउनुभयो । ' औषधि कम्पनीका उत्पादनबारे चिकित्सक, स्वास्थ्यकर्मीलाई जानकारी गराउने, औषधिको गुणस्तरीयता, फाइदाबारे अवगत गराउने प्रतिनिधिहरू औषधि उत्पादक कम्पनी र स्वास्थ्य सेवा क्षेत्रबीचको सेतु हुन् ।' उहाँले भन्नुभयो।

प्रदेश प्रमुख भट्टले निजी क्षेत्र आर्थिक अवसर र रोजगारीको स्रोत भएको उल्लेख गर्नुहुँदै निजी क्षेत्र अर्थतन्त्रको ऊर्जा पनि रहेको बताउनुभयो । 'यसकारण नेपालको अर्थतन्त्र विस्तारका लागि निजी क्षेत्रको भूमिका निकै महत्वपूर्ण रहेको छ। निजी क्षेत्र फस्टाउन सकेन भने अर्थतन्त्र नै समस्यामा पर्छ।' उहाँले भन्नुभयो – 'आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य छ। सरकार र निजी क्षेत्रबीचको सौहार्दपूर्ण सम्बन्धको जगमामात्रै समृद्धि र विकास सम्भव छ।'

लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रलाई विकासको वास्तविक साझेदार बनाउनु अहिलेको आवश्यकता रहेको उहाँको भनाइ छ। महाधिवेशनमा देशभरीका १४ इकाईबाट सात सय भन्दा बढी संख्यामा औषधि विक्री प्रतिनिधिहरू सहभागी रहेको महासचिव निरज पन्तले बताउनुभयो। महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ।

## सैन्य आधार तालिमबाट ९७ जना सैनिकहरू दीक्षित

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



नेपाली सेनाको पश्चिम पृतना हेडक्वार्टरअन्तर्गत बागलुङको घोडाबाँधेस्थित कालीजङ्ग गणमा सञ्चालित सिसं ९ सैन्य आधार तालिमबाट ९७ जना सैनिक जवान दीक्षित भएका छन्।

शुक्रबार सैन्य आधारभूत तालिमको समापनसँगै अन्तिम दलेल कवाज प्रदर्शन गरिएको कालीजङ्ग गणका गणपति प्रमुख सेनानी शिवबहादुर अधिकारीले जानकारी दिनुभयो। दलेल कवाजको पश्चिम पृतना हेडक्वार्टरका पृतनापति उपरथी भोलानाथ थापासहित उच्च सैनिक अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत विशिष्ट व्यक्तिहरूले निरीक्षण एवं अवलोकन गरेका थिए। त्यसक्रममा उपरथी थापाले नौमहिने सैन्य आधार तालिममा उत्कृष्ट सैनिक जवानहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो। कार्यक्रममा सम्बोधन गर्दै उपरथी थापाले राष्ट्र, जनता र सेनाप्रति बफादार रही सैनिक सेवामा समर्पित रहन सकल दर्जालाई निर्देशन दिनुभयो। उहाँले सैनिक मर्यादा र अनुशासनको पालना गर्दै उच्च व्यावसायिक धर्म निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो।

उपरथी थापाले शिक्षा र तालिमलाई समयानुकूल परिमार्जन गर्दै लैजाने बताउनुभयो । "राष्ट्रको मेरुदण्ड सेना भएकाले सेना बलियो भएमात्र देश बलियो हुन्छ", उहाँले भन्नुभयो, "दक्ष, तालिमप्राप्त, अनुशासित र कर्तव्यनिष्ठ सैनिक सेनाको मेरुदण्ड हो ।" उहाँले राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको संरक्षणका लागि नेपाली सेना कटिबद्ध भएर अघि बढ्ने बताउनुभयो। सैन्य आधार तालिममा सर्वोत्कृष्ट हुने सैनिक जवान सुदेश मगरलाई श्रेष्ठताको प्रतीक स्वरूप खुकुरीद्वारा पुरस्कृत गरिएको थियो।

कार्यक्रममा फायरिङ विधामा उत्कृष्ट राजन विष्ट, ड्रिल विधामा उत्कृष्ट सुनिल लिम्बू, १२ किलोमिटर दौडमा उत्कृष्ट पवन लंवा, पाँच किलोमिटर दौडमा दिपेन रसाइली, बाधापार विधामा उत्कृष्ट सरोज राईँलाई उपरथी थापाले पुरस्कार वितरण गर्नुभयो । तालिम समापन समारोहमा श्री नं २३ बाहिनी अड्डा बागलुङका सहायक रथी विजय केसी, जिल्लास्थित जनप्रतिनिधिहरू, सुरक्षा निकायका प्रमुख, दीक्षित सैनिक जवानका परिवारजनलगायतको उपस्थिति थियो।

## पृथ्वी राजमार्गमा बस दुर्घटनामा दुईको मृत्यु, नौ जना गम्भीर घाइते

**पोखरापत्र संवाददाता**
दमौली, ११ बैशाख

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-७ शेरामा शुक्रबारदिउँसो भएको बस दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

मृत्यु हुनेको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । पोखराबाट भैरहवातर्फ जाँदै गरेको ग२ख १८३६ नम्बरको यात्रुवाहक बस चालकले नियन्त्रण गुमाइ सडकमै बस पल्टिँदा दुर्घटना भएको हो। दुर्घटनामा घाइते भएका २७ जनालाई शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा प्राथमिक उपचारपश्चात् पोखरास्थित मणिपाल शिक्षण अस्पताल र अन्नपूर्ण अस्पताल पठाइएको प्रनाउ विकले बताउनुभयो।

त्यस्तै तीन जनाको सोही अस्पतालमा उपचार भइरहेको र एक जना सामान्य रहेकाले घर पठाइएको छ। घाइतेमध्ये नौ जना गम्भीर, १४ जना मध्यम र पाँच जना सामान्य रहेका छन्।

## कास्कीमा सेवाग्राहीको घरमै राहदानी पुऱ्याउन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



कास्की जिल्लामा पहिलोपटक सार्वजनिक सेवाको होम डेलिभरी सेवा सुरु गरिएको छ।

हुलाक सेवामार्फत नागरिकका घरदैलोमै सेवा पुर्‍याउने उद्देश्यसहित अन्नपूर्ण गाउँपालिकाबाट राहदानी (पासपोर्ट) वितरण सेवा घरमै पुर्‍याउँदै यसको औपचारिक शुभारम्भ जिल्लामा गरिएको हो।

अन्नपूर्ण गाउँपालिका-१, लेवाडे निवासी गीता अधिकारी र वडा नं २ ढिकुरपोखरी निवासी तारा ढुङ्गाना भण्डारीलाई उहाँहरूको घरमै पुगेर प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा र गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले उहाँहरूको राहदानी हस्तान्तरण गर्नुभयो।

जिल्ला प्रशासन कार्यालय कास्कीको अग्रसरता तथा अन्नपूर्ण गाउँपालिका र हुलाक निर्देशनालय पोखराको सहकार्यमा होम डेलिभरी सेवा सुरु गरिएको प्रशासनले जनाएको छ।

सरकारको शासकीय सुधार कार्यक्रमअन्तर्गत सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउने कार्यक्रमअन्तर्गत यो कार्यक्रम सुरु गरिएको प्रजिअ शर्माले बताउनुभयो।

मन्त्रिपरिषद्को गत चैत १३ गतेको बैठकले १०० बुँदे शासकीय सुधारको कार्यसूचीको बुँदा नं २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उल्लेख गरिएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शर्माले अन्नपूर्ण गाउँपालिका हुलाक सेवा केन्द्रको अनुगमनसमेत गर्नुभएको थियो । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीसँगको छलफलमा प्रजिअ शर्माले नागरिकलाई सेवा प्रवाहलाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने विषयमा आवश्यक छलफल गर्नुभयो।

अन्नपूर्ण गाउँपालिकाले यस सेवाबाट नागरिकलाई सहज, छिटो तथा झन्झटरहित सेवा उपलब्ध हुने विश्वास व्यक्त गर्दै आगामी दिनमा यस्ता सेवाहरूलाई थप विस्तार गर्दै लैजान सरकारका विभिन्न निकायहरूसँग समन्वय र सहकार्य जारी राख्ने अध्यक्ष केसीले बताउनुभयो।


## दोस्रो दिनको 'स्वीप अप्रेसन'मा एकसट्ठी जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

कास्की प्रहरीले बिहीबार सञ्चालन गरेको दोस्रो दिनको स्वीप अप्रेसनमा थप ६१ जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयले लागुऔषध बिक्री तथा सेवन, मदिरा पान गरेर समाजमा अशान्ति फैलाउने, गुण्डागर्दीको अभियोगमा उनीहरूलाई पक्राउ गरेको हो । स्वीप अप्रेसन बिहीबार राति ९:०० देखि आज बिहान ६:०० बजेसम्म सञ्चालन भएको थियो। अघिल्लो दिनको अप्रेसनमा जिल्लाका विभिन्न स्थानबाट १२२ जनालाई पक्राउ गरिएको थियो । बिहीबार पक्राउ परेका १२२ मध्ये आठ जनालाई लागू औषधसम्बन्धी कसूर तथा २७ जनालाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसूरमा म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

यसैगरी १५ जनालाई जरिवाना गरी छाडिएको, ७० जनालाई सम्झाइबुझाइ गरी अभिभावकको जिम्मा लगाइएको र दुई जनालाई 'होल्ड'मा राखिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ।



# सहारा एकेडेमीमा शनिबार मैत्रीपूर्ण फुटबल हुने

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजना तथा सहारा क्लब पोखराको सहकार्यमा पोखरामा मैत्रीपूर्ण फुटबल खेल हुने भएको छ ।

पोखरा-१७ दोबिल्लास्थित सहारा फुटवल एकेडेमीको खेल मैदानमा शनिबार बिहान ९:३० बजे हुने खेलमा पोखरा क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तित्व, उद्योगी व्यवसायी, पर्यटन तथा खेलकुदकर्मी, जनप्रतिनिधि, सहारा क्लव एवं आयोजकको सहभागिता रहने सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिए । २६ रोपनी क्षेत्रफलमा फैलिएको उक्त एकेडेमीले बालबालिकाको खेलकुद विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको



बताउँदै क्लबका उपाध्यक्ष एवं एकेडेमी संयोजक विनु राना मगरले यस कार्यक्रमले खेल पर्यटनलाई प्रवर्द्धन गर्ने बताउन् । एकेडेमीमा हाल १६ जिल्लाका ३० जना बालक रहेको उनले जनाउन् ।

सो अवसरमा पहिलो "पोखरा नाइट स्ट्रिट रेस २०८२/०८३ को समीक्षा तथा शुभकामना आदानप्रदान कार्यक्रम पनि आयोजना गरिने भएको छ ।

खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सहारा क्लबसँगको सहकार्यमा एकेडेमी परिसरमा उक्त कार्यक्रम आयोजना गर्न लागिएको पोखरा प्रवर्द्धन केन्द्रका अध्यक्ष दीननाथ बरालले जानकारी दिए ।

"जाग्छ पोखरा, दौडाउँछ पोखर" भन्ने मूल नारासहित आयोजित पहिलो "पोखरा नाइट स्ट्रिट रेस २०८२/०८३ गत चैत २८ गते सम्पन्न दौडमा नेपालसहित पाँच देशका १४५ जना धावकहरुको सहभागिता रहेको थियो । खुलातर्फ दार्चुलाका मुकेश थापा विजेता बन्दा पर्वतका सुवास गुरुङ दोस्रो र अकलबहादुर पालले तेस्रो स्थान प्राप्त गर्न सफल भएका थिए । विदेशी विधातर्फ फ्रान्सका स्यामुयलले उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हासिल गर्न सफल भएका थिए भने महिलातर्फ पुष्पा शर्मा लिम्बु र यू-१६ विधामा राम ढुंगाना विजेता भएका थिए ।

पोखरा महानगरपालिका वडा नं. ९ को समन्वय र प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्यमा सम्पन्न प्रतियोगितामा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर हस्पिटल पार्टनर तथा नेलम्बो नेपाल मेडिकल पार्टनरका रुपमा रहेका थिए । कार्यक्रममा विभिन्न संघसंस्थाको सहकार्य र सहयोग समेत रहेको थियो ।

# फोटो पत्रकारिता दिवसमा फोटो प्रदर्शनी

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

नेपाल फोटो पत्रकार संघ, कास्कीले ९९ औं राष्ट्रिय फोटो पत्रकारिता दिवसको अवसरमा फोटो प्रदर्शनी गर्ने भएको छ ।

फोटो पत्रकारिता दिवसका अवसरमा पोखरा ३ नदिपुरस्थित कोर्टयार्ड (मिनमार्ट) प्रांगणमा वैशाख १३ गते आइतबार 'फोटोमा ६२,७२ र ८२' शीर्षकको फोटो प्रदर्शनी गर्न लागिएको संस्थाका अध्यक्ष राम गुरुङले जानकारी दिए । नेपालमा पछिल्लो ३ दशक यता हरेक १०/१० वर्षमा ठूला घटनालाई फोटोका माध्यमबाट प्रदर्शन गर्न लागिएको उनले बताए ।

'२०६२/०६३ मा जनआन्दोलन भयो । त्यसको १० वर्षपछि २०७२ मा भूकम्प गयो सोही वर्ष नेपालले नयाँ संविधान पनि पयो,' उनले भने, 'त्यसको ठिक १० वर्षपछि गत भदौमा जेननी आन्दोलन भयो । सोही समयमा कास्कीमा कार्यरत फोटो पत्रकारले आफ्ना क्यामेरामा कैद गरेका फोटोलाई एकै कार्यक्रममा प्रदर्शन गर्न लागिएको हो ।'

कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर




३ को कार्यालयले सहकार्य गरेको कार्यक्रम संयोजक संस्थाकी सहसचिव दुर्गा रानामगरले जानकारी दिइन् । 'हामी फोटो पत्रकारहरुका लागि वैशाख १३ अर्थात फोटो पत्रकारिता दिवस अति नै महत्वपूर्ण छ । हामीले हरेक वर्ष विभिन्न कार्यक्रम गरी दिवस मनाउँदै आएका छौं,' उनले भनिन्, 'यो वर्ष पनि दिवसलाई ऐतिहासिक बनाउनका लागि 'फोटोमा ६२,७२ र ८२' शीर्षकको फोटो प्रदर्शनी गर्ने तयारी गरिरहेका छौं ।' उक्त दिन बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म फोटो प्रदर्शन गरिने संयोजक रानामगरले जानकारी दिइन् । प्रदर्शनीमा कास्कीका फोटो पत्रकारहरुले कैद गरेका ६० वटा फोटो राखिनेछ । प्रदर्शनीले नयाँ पुस्तालाई देशले पार गरेका संघर्ष र परिवर्तनका बारेमा जानकारी दिन सकिने संस्थाले बताएको छ ।

साथै, विभिन्न समयमा भएका घटना एउटै थलोमा हेर्न पाउनुलाई संस्थाले इतिहासको जीवन्त दस्तावेज रुपमा लिएको छ । वि.सं १९८४ वैशाख १३ गते गोरखापत्रमा प्रथमपटक फोटो समाचार छापिएको थियो । विरगञ्जकी एक महिलाले चर्खाबाट धागो काट्दै गरेको फोटो गोरखापत्रमा प्रकासित भएको दिनको सम्झनामा नेपालका राष्ट्रिय फोटो पत्रकारहरुले उक्त दिनलाई राष्ट्रिय फोटो पत्रकारिता दिवसको रुपमा मनाउँदै आएका छन् ।

# माछापुच्छ्रे गाउँपालिकामा सबै वडामा निःशुल्क आँखा शिविर

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । माछापुच्छ्रे गाउँपालिका, कास्कीको आयोजना श्री देवीरवण-कृष्णकुमारी स्मृति प्रतिष्ठानको संयोजन तथा व्यवस्थापनमा पालिकाका नौ वटै वडामा शिविर सञ्चालन भएको हो ।

हिमालय आँखा हस्पीटल र आई केयर फाउण्डेशनको सहयोगमा भएको उक्त शिविर माछापुच्छ्रे गाउँपालिकाका सबै वडामा सञ्चालन भएको हो । नौ वटै वडामा भएको शिविरमा २ हजार जनाले आँखा परिक्षण गराएका थिए । ती मध्ये ३ सय ९३ जनामा मोतियाबिन्दु देखिएकोमा तत्काल १ सय ३२ जनाको शल्यक्रिया गर्नुपर्ने भएको छ । शल्यक्रिया गर्नुपर्ने बिरामीलाई माछापुच्छ्रे गाउँपालिकाको व्यवस्थापनमा जाने आउने यातायातको सुविधा र हिमालय आँखा अस्पतालमा निशुल्क शल्यक्रिया गरिने व्यवस्था मिलाईएको



छ । शिविरमा आँखा परिक्षण गर्न आउने मध्ये मोतियाबिन्दु सगै मास पलाएको, बोसो पलाएको, आँखा पाकेको, सुख्खा आँखा, पर्दाको समस्या, चस्मा लागाउनु पर्ने बिरामी पनि अध्याधिक देखिएको दृष्टि विशेषज्ञ अस्मीता रावलले जानकारी दिइन् । उनीहरुलाई औषधी दिनुको साथै हिमालय आँखा अस्पतालमा जाँच गराउनका लागि सिफारीस गरिएको छ ।

माछापुच्छ्रे गाउँपालिकाको वडा नं. २ स्थित सादीखोला स्वास्थ्य चौकीबाट शुरु भएको यो शिविर वडा नं. ४ घाचोकमा आएर समापन भएको हो । शिविरमा आँख परिक्षण गर्न आउने बिरामीका लागि निशुल्क औषधिको व्यवस्था प्रतिष्ठानले गरेको थियो भने मोतियाबिन्दुको सल्यक्रिया निशुल्क रुपमा अस्पतालमा नै हिमालय आँख अस्पतालले गर्नेछ ।

उक्त शिविरमा हिमालय आँखा अस्पतालका दृष्टि विशेषज्ञ समिक्षा श्रेष्ठ, शैलेश्वरी ओफा, निकिता महर, कृतिका पण्डितका, पुजा कुमारी शाहा, पुजा कुमारी, अस्मीता रावल, चित्रा पनेरु, सिमा नेपाल, पिन्की यादव, सुष्टिका आले, स्वस्तीका गिरको टोलीले आँखा जाँच गरेका थिए । चरक इन्स्टिच्युट अफ हेल्थ साइन्सका विद्यार्थी र महिला स्वयम् सेविकाले सहयोग गरेका थिए । समापन कार्यक्रममा बौल्दे माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङले शिविरले यहाँका दुरदराजका स्थानीय लाभान्वित भएको बताउँदै आगामी दिनमा पनि सहकार्य गर्ने उल्लेख गरे ।

श्री देवीरवण-कृष्णकुमारी स्मृति प्रतिष्ठानका अध्यक्ष डा. अनिल सुवेदीले विगत ४ वर्ष देखि दुर्गम क्षेत्रमा नागरिकलाई स्वास्थ्यमा पहुँच पुऱ्याउनका लागि आँखा शिविर सगै विभिन्न खालका स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताए । उनले शिविरमा सहयोग गर्ने सबैलाई आभार प्रकट गरे । प्रतिष्ठानले महिला समाजसेवी, शिक्षा क्षेत्रमा काम गरेका व्यक्तिलाई सम्मान गर्नुको साथै गरिब विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको सचिव पशुपति सुवेदीले जानकारी दिए ।

माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मधुसुदन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन घाचोक स्वास्थ्य चौकीका प्रमुख गोविन्द प्रसाद आचार्यले गरेका थिए ।

# महेन्द्र मावि, घार्मीमा नयाँ शैक्षिक सत्रका लागि योजना तर्जुमा

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

पोखराको घार्मीमा रहेको महेन्द्र माविले नयाँ शैक्षिक सत्रका लागि योजना तर्जुमा गरेको छ ।

शुक्रबार विद्यालयमा आयोजित सरोकारवालाको भेलामा विद्यालयले पठन पाठन सहित शैक्षिक योजना निर्माण गरेको विद्यालयका निमित्त प्रधानाध्यापक नन्दराज दाहालले जानकारी दिए । १९ नम्बर वडाका अध्यक्ष पुष्पेन्द्र पाण्डेले विद्यालयका शैक्षिक गतिविधीलाई निरन्तरता दिनुपर्ने बताउँदै, यसका लागि वडा शिक्षा समितिले आवश्यक समन्वय सहित तयारी गरेको बताए । उनले विपत व्यवस्थापन अर्न्तगत खानेपानी र शौचालय निर्माणका लागि बजेट विनियोजन गरेको जानकारी दिए । पुर्व वडाध्यक्ष एवं विद्यालयका सल्लाहकार संयोजक शोभामोहन पौडेलले विद्यालयमा विपन्न विद्यार्थीको




लागि खाजा व्यवस्थापनमा सहयोग गर्ने बताए । उनले खाजा व्यवस्थापनका लागि बार्षिक व्ययभार व्यहोर्ने समेत बताए ।

निवर्तमान प्रधानाध्यापक बासुदेव पौडेलले विश्राम गृह निर्माण र पुरस्कार व्यवस्थापनका लागि स्रोत सुनिश्चीत गर्न भुमिका खेल्ने स्पष्ट पारे । भेलामा सल्लाहकार सदस्य राम प्रपन्नाचार्य ऋषि गुरुले विद्यालयमा खानेपानीका लागि ट्यांकी उपलब्ध गराउने प्रतिबद्धता जनाए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लामिछानेले विद्यालयको आर्थिक स्रोत व्यवस्थापन, जन्मोत्सव कोष र शैक्षिक विकासका लागि विभिन्न कार्य योजना प्रस्तुत गरेका छन् । उनले सबै पक्षको समन्वयबाट मात्रै विद्यालयको व्यवस्थित विकास गर्न सकिने बताउँदै, सहयोगको अपेक्षा गरे । भेलामा विद्यालय व्यवस्थापन समिति,सल्लाहकार, शिक्षक अभिभावक संघ तथा शिक्षकहरुको सहभागिता रहेको थियो ।

# पूर्वराजा ज्ञानेन्द्र शाह पोखरामा

रासस
काठमाडौं, ११ बैशाख

पूर्वराजा ज्ञानेन्द्र शाह आज अपराह्न पोखरा आउनुभएको छ। निजी भ्रमणका क्रममा उहाँ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिँदा उहाँका समर्थकहरूले विमानस्थलमा स्वागत गरेका छन्। पोखरामा पूर्वराजाको स्वागत र भ्रमण व्यवस्थापनका लागि समर्थकहरूले भ्रमण व्यवस्थापन समिति बनाएका छन् ।

राजतन्त्र समर्थकहरूले राष्ट्रिय झण्डा हातमा लिएर उहाँको स्वागत हुन् । विमानस्थल परिसरमा बाजागाजासहित पूर्वराजाको स्वागत गरिएको छ । उहाँ एकमहिनापोखराकोपर्यटकीय क्षेत्र लेकसाइडमा बस्नुहुने भ्रमण व्यवस्थापन समितिका सदस्य अर्जुन खनालले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा बसाइका क्रममा पूर्वराजाले गण्डकी प्रदेशका विभिन्न धार्मिकस्थलको भ्रमण गर्नुहुनेछ । त्यसैगरी उहाँले यहाँ बसाइका क्रममा विभिन्न व्यक्तिहरूसँग भेटघाटसमेत गर्नुहुने तालिका रहेका भ्रमण व्यवस्थापन समितिले जनाएको छ ।

# पूर्वमन्त्री पाण्डेसहित दुई जना पक्राउ

रासस
काठमाडौं, ११ बैशाख

राप्रपाका वरिष्ठ नेता एवं पूर्वमन्त्री विक्रम पाण्डे आज पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले आज पाण्डेलाई पक्राउ गरेको सिआइबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँले सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनाधिकृत पहुँच पुऱ्याइ विभिन्न ठेक्काहरूका विवरण हेरफेर गरेको आरोपमा पक्राउ गरिएको बताउनुभयो। पाण्डेसँगै भीषण कन्ट्रक्सनका सञ्चालक टङ्ककुमार श्रेष्ठलाई पनि सोही कसुरमा पक्राउ गरिएको सिआइबीले जनाएको छ ।

उनीहरूमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्काको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने कार्य गरेको उजुरी निवेदनको आधारमा साइबर ब्यूरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता भएको थियो। सोही कसुरमा ब्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी हाल परिवर्तन भएको सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताउनुभयो। उक्त मुद्दामा हालसम्म जम्मा ९ (नौ) जना शङ्कास्पद व्यक्तिहरूलाई प्रक्राउ गरी अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# शिशुवा-खुदीखोला सडक स्तरोन्नति

पोखरापत्र संवाददाता
पोखरा, ११ बैशाख

पोखरा महानगरपालिका-३० शिशुवादेखि खुदीखोलासम्म ४.१४ किलोमिटर सडक विस्तारसँगै स्तरोन्नति पनि गरिएको छ ।

सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत स्तरोन्नति भएको सडकको बिहीबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो । निर्माणाधीन तालचोक-बेगनास सडक आयोजनालाईद्रुतगतिमाकार्यान्वयन गर्न आफू लागिपरेको जानकारी दिँदै उहाँले निर्माण कम्पनीलाई आगामी तीन महिनाभित्र काम पूरा गर्न निर्देशन दिइएको बताउनुभयो। रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले सडकलाई तनहुँ-लमजुङसम्म विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। विश्व बैंकसँग रु ४८ करोड ९६ लाख ३५ हजार २५४ ऋण लिएर निर्माण पूरा भएको सडक आयोजनाका इन्जिनियर नवीन गौतमले बताउनुभयो। पन्ध्र मिटर चौडा यो सडक दुई 'लेन'को छ। यसको किनारमा वर्षाको पानी निकासका निम्ति नाला,साइकल लेन र फुट 'ट्रयाक'पनि निर्माण गरिएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# एम्नेस्टी इन्टरनेसनलको युथ मेला पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

शुक्रबारदेखि कास्कीको पोखरामा एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) को युथ मेला सुरु भएको छ । युथ मेलाअन्तर्गत १८औँ संस्करण आजदेखि सुरु भई यही वैशाख १३ गतेसम्म सञ्चालन हुनेछ ।

तीन दिनसम्म सञ्चालन हुने राष्ट्रिय युथ मेलामा एम्नेस्टी नेपालमा आबद्ध विभिन्न युवा सञ्जाल, समूह र व्यक्तिगत सदस्यताको प्रतिनिधित्व गर्दै मुलुकभरका १०० भन्दा बढी २५ वर्षमुनिका युवा सदस्यहरूले सहभागिता जनाएका एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले जानकारी दिनुभयो । मानवअधिकार अभियानमा युवा नेतृत्वलाई प्रोत्साहित गर्ने प्रतिबद्धताबाट निर्देशित हुँदै यस वर्षको युथ मेला 'जलवायु न्याय र नागरिक स्वतन्त्रताः न्यायपूर्ण भविष्यका लागि युवाको सरोकार' भन्ने विषयवस्तुमा केन्द्रित हुने उहाँले बताउनुभयो । अन्तर्क्रियात्मक सत्र र कार्यशालामार्फत सहभागीले मानवअधिकारसम्बन्धी आफ्नो बुझाइलाई सुदृढ गर्ने जनाउँदै निर्देशक थपलियाले जलवायु न्याय, नागरिक स्वतन्त्रता, सङ्कुचित हुँदै गएको नागरिक स्थललगायत महत्वपूर्ण मुद्दाहरूका विषयमा छलफल हुनुका साथै ती विषय सम्बोधनका लागि व्यावहारिक पैरवी सीप हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा युवा नेतृत्वमा गत भदौमा भएका प्रदर्शन, जलवायु सङ्कट, डिजिटल अधिकार, सङ्क्रमणकालीन न्याय र यौनिक तथा अल्पसङ्ख्यक व्यक्तिका अधिकारलगायत नेपालमा विकसित हुँदै गइरहेका मानवअधिकारपरिदृश्यसँगसम्बन्धित हुने आयोजकले जनाएको छ । यस कार्यक्रममा इरानमा जारी द्वन्द्वमा केन्द्रित हुँदै मध्यपूर्वमा चलिरहेको मानवअधिकार सङ्कटतर्फ ध्यान आकर्षित गर्नेगरी एउटा सार्वजनिक एक्सन आयोजना गरिने निर्देशक थपलियाले जानकारी दिनुभयो । एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अडानअनुरूप तयार गरिने एक्सनले गैरसैनिकहरूको सुरक्षा, अन्तरराष्ट्रिय मानवअधिकार र मानवीय कानुनको पालना, सोको उल्लङ्घन हुन नदिन जवाफदेहिता र द्वन्द्वको बीचमा मौलिक स्वतन्त्रताको रक्षाका लागि आह्वान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सन् २००६ देखि एम्नेस्टी इन्टरनेसनल नेपालले युवा अभियन्ताको शिक्षा, प्रेरणा एवं परिचालनको एउटा मञ्चको रूपमा युथ मेलालाई आयोजना गर्दै आइरहेको छ ।

नेपालभरिका ५० वटा युथ नेटवर्क र समूहबाट वार्षिक रूपमा १०० भन्दा बढी सहभागी हुने यो मेला युवा लक्षित महत्वपूर्ण कार्यक्रम हो । मेलामा हालसम्म एक हजार ५०० भन्दा बढी युवाले सहभागिता जनाएका एम्नेस्टी नेपालले जनाएको छ ।

# याङ्जाकोटमा हिमकलाको 'छ्याँबा सैं' छायाङ्कन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख



सांगीतिक क्षेत्रमा ममता गुरुङ नामले परिचित हिमकला गुरुङको नयाँ गीत मादी गाउँपालिका-३, याङ्जाकोटमा छायांकन गरिएको छ ।

कमलबहादुर गुरुङको शब्द र संगीतमा निर्माण भएको छ्याँबा सैं (सुन्दर मन) बोलको गुरुङ गीतमा स्वयम् हिमकला गुरुङ (ममता गुरुङ) र राजबहादुर गुरुङले आवाज दिएका छन् ।

कमलबहादुर गुरुङको निर्देशनमा बुधबार र बिहीबार उक्त गीतको छायांकन गरिएको हो । म्युजिक भिडियोमा कमलबहादुर गुरुङ र पवित्रा गुरुङको नृत्य अभिनय छ । गीतलाई एलबी पुनले एरेन्ज गरेका हुन् । मौसम गुरुङले नृत्यमा सहयोग गरेका छन् । सन्देश गुरुङले म्युजिक भिडियो छायांकन गरेका छन् । भिडियोको सम्पादन कविर गुरुङले गर्नेछन् । यजम्रों इन्टरटेन्टमेण्ट युट्युबमार्फत सार्वजनिक गरिने उक्त म्युजिक भिडियो याङ्जाकोटका विभिन्न रमणीय स्थानमा छायांकन गरिएको हो । भिडियोमा याङ्जाकोट र आसपासका प्राकृतिक दृश्यहरु देख्न सकिन्छ । गीत भने माया र प्रीतिका कुराले भरिपूर्ण छन् । म्युजिक भिडियो निकै आकर्षक तरिकाले छायांकन गरिएको निर्माण पक्षले जनाएको छ । पोखरामा बसेर सांगीतिक क्षेत्रमा परिचय बनाउँदै आएकी हिमकलाले यसअघि पनि थुप्रै म्युजिक भिडियो निर्माण गरिसकेकी छन्। पछिल्लो 'छ्याँबा सैं (सुन्दर मन) बोलको यो गीतलाई दर्शकले मन पराउने अपेक्षा उनले गरेकी छन् ।

# पीएन क्याम्पसका विद्यार्थीद्वारा जनप्रियमा खेलकुद प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख




पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तह तेस्रो वर्ष (ब्याच २०७९) का विद्यार्थीहरूको आयोजनामा शुक्रबार एक दिने खेलकुद प्रतियोगिता सम्पन्न भएको छ ।

जनप्रिय बहुमुखी क्याम्पसको प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा भलिबल तथा १०० मिटर छात्र/छात्रा दौड प्रतियोगिता सञ्चालन गरिएको थियो । स्वास्थ्य तथा शारीरिक शिक्षा परियोजना (बि.एड. ४३४) अन्तर्गत प्रयोगात्मक अभ्यासका रूपमा विद्यार्थीहरूले यो कार्यक्रम आयोजना गरेका हुन । कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख कृष्णबाबु बरालले विद्यार्थी जीवनमा सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक र व्यावहारिक ज्ञानको ठुलो महत्व रहने बताउनुभयो । 'प्रयोगात्मक अभ्यासले विद्यार्थीमा कार्यकुशलता र नेतृत्व क्षमता विकास गर्छ, जुन उनीहरूको भविष्यका लागि अनिवार्य छ,' उहाँले भन्नुभयो । विशेष अतिथि विभागीय प्रमुख कृष्ण त्रिपाठीले विद्यार्थीहरूले उत्कृष्ट रूपमा कार्यक्रम व्यवस्थापन गरेको भन्दै प्रशंसा गर्नुभयो । कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक महादेव पहारी, प्राध्यापक संघ जनप्रिय क्याम्पस एकाइका उपसभापति टंक बराल, जनप्रिय क्याम्पसका उप-प्रशासक एकनारायण शर्मा, प्लस टु संयोजक गणेश चालिसे र विद्यार्थी हित शाखा प्रमुख बेदहरी तिमिल्सिना लगायतको उपस्थिति रहेको थियो । प्रकाश सुवेदीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ममता पौडेलले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन नरेश पौडेलले गर्नुभएको थियो । प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

# बेनीमा शान्ति पार्क बनाउने योजना कार्यान्वयन भएन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ बैशाख



म्याग्दीको सदरमुकाम बेनीमा शान्ति पार्क निर्माण गर्ने योजना कार्यान्वयनमा अलमल र अन्योल सृजना भएको छ । पार्क निर्माण गर्ने ठाउँको टुङ्गो नलाग्दा तीन वर्षअघि बेनी नगरपालिकाले अघि सारेको शान्ति पार्क निर्माण योजनाका लागि बर्सेनि बजेट विनियोजन भए पनि कार्यान्वयन हुन नसकेको हो ।

म्याग्दी हुँदै मुस्ताङ जाने आउने पर्यटकलाई भुलाउने उद्देश्यले शान्ति पार्क निर्माणका लागि रु १० करोड लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर स्रोतको व्यवस्था भए पनि योजना कार्यान्वयन नहुँदा बजारवासी निराश भएका छन् ।

पार्क निर्माणका लागि गत आर्थिक वर्ष २०८१/८२ मा बेनी नगरपालिका र गण्डकी प्रदेश सरकारले रु २०-२० लाख बजेट विनियोजन गरेका थिए । यस वर्ष नगरपालिकाले रु २५ लाख बजेट विनियोजन गरेको योजना स्थानको टुङ्गो नलाग्दा हालसम्म कार्यान्वयन हुन नसकेको बेनी नगरकार्यपालिकाको प्रवक्तासमेत रहनुभएकावडानं७कावडाअध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो ।

"नगरपालिकाले वीरेन्द्रचोकस्थित रेडक्रस, वन डिभिजनको नर्सरी, आवासभन्दा पछाडिको १० रोपनी जग्गामा पार्क बनाउन प्रस्ताव गरेको थियो", उहाँले भन्नुभयो, "बराहपाखो सामुदायिक वनमा पर्ने उक्त क्षेत्रमा पार्क बनाउने कार्ययोजनामा समेटेर योजना कार्यान्वयनको पहल भए पनि वन क्षेत्रमा काम गर्न जोखिम लिन नचाहेकाले समस्या भएको हो ।"

हाल प्रस्तावित ठाउँमा पार्क बनाउन नमिल्ने अवस्था भएमा महारानी थानस्थित बराहपाखोको सार्वजनिक जग्गामा निर्माण भएका पूर्वाधारलाई व्यवस्थित गरेर पार्क सञ्चालन गर्नुपर्ने वडाध्यक्ष श्रेष्ठको भनाइ छ ।

महारानी थानमा पार्कका लागि पोखरी, चौतारी निर्माण, जग्गा व्यवस्थापनलगायतका काम सकिएको छ । बालबच्चा, ज्येष्ठ नागरिकलाई टहलिन तथा घुम्न आउने पाहुनाहरूलाई भुलाउने उद्देश्यले २०६० साल चैत ७ गते बेनी भिडन्तसँग सम्बन्धित सामग्री राखेर शान्ति पार्क बनाउने योजना प्रस्ताव गरिएको थियो । शान्तिपार्कलाई नगरपालिकाले पछिल्लो तीन वर्षयता गौरव र प्राथमिकताप्राप्त योजनाको सूचीमा राख्दै आएको छ ।

बराहपाखो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विष्णु गौतमले नगरपालिका र वन डिभिजन कार्यालयले समन्वय गरेर पार्क निर्माणस्थल छनोट गरेमा योजना कार्यान्वयनमा समस्या नरहेको बताउनुभयो ।

वन समूहको कार्ययोजनामा समेटिएकाले आफूहरूको तर्फबाट कुनै समस्या नभए पनि नगरपालिकाकै इच्छाशक्ति र सक्रियता आवश्यक रहेको उहाँले बताउनुभयो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले पार्क निर्माणस्थलको टुङ्गो लगाएर योजना कार्यान्वयनका लागि पहल गरिरहेको बताउनुभयो । उहाँका अनुसार शान्ति पार्क निर्माणस्थल टुङ्गो लगाउन बेनी बजार रहेको वडा नं ७ र ८ को आमभेला बेलाएर परामर्श र सल्लाह सुझाव लिने तयारी भएको छ ।

# यातायात महासंघको राष्ट्रिय महाधिवेशन पोखरामा हुने

**रासस**
काठमाडौं, ११ बैशाख

देशभरका यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको सातौँ राष्ट्रिय महाधिवेशन पोखरामा हुने भएको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले आज एक सूचना जारी गरी सातौँ राष्ट्रिय महाधिवेशन यही वैशाख २७ गतेदेखि २९ गतेसम्म पोखरा इभेन्ट सेन्टरमा हुन लागेको जानकारी दिनुभयो ।

महासङ्घले महाधिवेशन तयारीका लागि जिल्ला, प्रदेश तथा सदस्य संस्थाहरूलाई निर्देशन दिएको छ । जिल्ला अधिवेशन बाँकी रहेका जिल्लाहरूले चैत मसान्तभित्र अधिवेशन सम्पन्न गर्नुपर्ने भनिएको महासचिव गौतमले बताउनुभयो । तोकिएको समयमा अधिवेशन नगर्ने जिल्लालाई महाधिवेशनमा सहभागी नगराइने महासङ्घले जनाएको छ । महासङ्घले वैशाख १५ गतेभित्र प्रदेश संयोजकले प्रतिनिधिहरूको नामावली, फोटो तथा आवश्यक शुल्कसहितको विवरण अनिवार्य रूपमा केन्द्रीय कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

लेवी तथा अन्य दायित्व बाँकी रहेका सदस्य संस्थालाई महाधिवेशनमा सहभागी नगराइने महासङ्घले जनाएको छ । यसैबीच, महासङ्घले महाधिवेशन तथा निर्वाचन प्रक्रिया विधानअनुसार प्रविधिमैत्री (विद्युतीय मतदान) प्रणालीमार्फत एकै दिन एउटै स्थानबाट प्रदेशअनुसार सञ्चालन गरिने जनाएको छ ।

# नेपाल 'ए' सँग ओमान पराजित

**रासस**
काठमाडौं, ११ बैशाख

ओमानसँगको दुई खेलको एक दिवसीय शृङ्खलामा शुक्रबार नेपाल ए विजयी भएको छ ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपाल 'ए' ले ओमानलाई ११५ रनको फराकिलो अन्तरले पराजित गरेको हो । यसँगै दुई खेलको उक्त शृङ्खला १-१ को बराबरीमा सकिएको छ । बिहीबार भएको पहिलो खेलमा ओमानले नेपाल 'ए' लाई ७० रनले पराजित गरेको थियो । शुक्रबार नेपाल एले ओमानलाई २८५ रनको चुनौती दिएको थियो । जवाफमा ओमान ३६ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै १६९ रनमा समेटियो । ओमानका लागि मुजिबुर अलीले सर्वाधिक ४३ रन बनाए । त्यस्तै जितेन रामानन्दीले २४ र विनायक शुक्लाले २१ रन जोडे । ओमानलाई १६९ रनमा समेट्ने क्रममा नेपाल एका लागि युवराज खत्रीले तीन विकेट लिए भने हेमन्त धामी, आकाश चन्द र शेर मल्लले समान दुई विकेट झारे । त्यस्तै सन्तोष यादवले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल एले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २८४ रन बनाएको थियो । नेपालका लागि इशान पाण्डेले सर्वाधिक ६९ रनको योगदान दिए ।

त्यसैगरी देव खनाल ६४, कुशल मल्ला ५७, सन्दीप जोरा ४२, सन्तोष यादव १५ तथा अर्जुन कुमाल १३ रनमा आउट भए । शनिबारदेखि सुरु हुने आइसिसी विश्वकप क्रिकेट लिग-२ खेल्न ओमान नेपाल आएको हो । सोही प्रतियोगिताको तयारी स्वरुप ओमानले नेपाल एसँग अभ्यास खेल खेलेको हो । विश्वकप लिग-२ मा शनिबार नेपाल र संयुक्त अरब इमिरेट्स आमनेसामने हुनेछन् । कीर्तिपुर स्थित त्रिवि मैदानमा हुने उक्त खेल बिहान ९:३० बजेदेखि सुरु हुनेछ ।

# सुकुम्वासी बस्ती खाली गर्ने विषयविरूद्ध रिट दायर

**रासस**
काठमाडौं, ११ बैशाख

काठमाडौँका विभिन्न नदी किनारा र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली गर्नलागिएको विषयविरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । गोपाल रनपहलीसहित ११ जनाले सुकुम्वासीलाई बस्ती खाली गर्न लगाइएको विषयविरूद्ध रिट निवेदन दायर गर्नुभएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो । काठमाडौँका नदी किनाराका सुकुम्वासी बस्ती आज बेलुका ७:०० बजेसम्ममा खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौँ महानगरपालिकाले सूचना जारी गरिसकेका छन् ।

# महेश-धापुङ-ताराखोला सडक निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ बैशाख

महेश-धापुङ-ताराखोला सडक निर्माण सम्पन्न भएको छ । जिल्ला पूर्वाधार विकास कार्यालयको अगुवाइमा यो सडक निर्माण भएको हो ।

यो बाटो १६ वर्ष अगाडि खुलेको हो तर स्तरोन्नति एवं मर्मतसम्भार नहुँदा जीर्ण थियो । मङ्गला गाउँपालिका-३ पखेरदेखि आलडाँडासम्म तीन किलोमिटर ५०० मिटर ढलान र ग्राभेल भएको छ । यो सडक स्तरोन्नति गर्न रु पाँच करोड ८६ लाख खर्च भएको उक्त कार्यालयका प्रमुख महेन्द्र बानियाँले बताउनुभयो ।

सात मिटर चौडा यो सडकमा वर्षायामको पानी निकासका लागि नाली र भूक्षयबाट सडक जोगाउन टेवा पर्खाल निर्माण गरिएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण

पोखरा महानगरपालिका वडा नं. २, मिरुवामा तमु समाज भवनमा कोठा निर्माण तथा तारजाली लगाउने कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| योजनाको नाम | : तमु समाज भवनमा कोठा निर्माण तथा तारजाली लगाउने |
| सदस्य संख्या | : ७ जना (४ जना महिला) |
| उ.स. नाम | : तमु समाज भवनमा कोठा निर्माण तथा तारजाली लगाउने समिति |
| उ.स. अध्यक्ष | : दम बहादुर गुरूङ |
| योजना सम्झौता मिति | : २०८२/०८/२५ |
| योजना सुरु हुने मिति | : २०८२/०८/२८ |
| योजना सम्पन्न हुने मिति | : २०८२/१०/३० |
| पोखरा-२ बाट प्राप्त | : रू. ५,००,०००/- |
| जन सहभागिता | : रू. ५५,५५५/५६ |
| जम्मा लागत खर्च | : रू. ५,५५,५५५/५६ |

**तमु समाज भवनमा कोठा निर्माण तथा तारजाली लगाउने उपभोक्ता समिति**
पोखरा-२, मिरुवा

# पोखराको पस्र्याङ्मा सोनालिका ट्याक्टरको सोरुम शुभारम्भ

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ बैशाख

भारतको विश्व विख्यात सोनालिका ट्याक्टरको आधिकारिक बिक्रि कक्ष पोखराको पर्स्याङ्मा शुरु भएको छ।

गण्डकी प्रदेश कार्यालयका रुपमा न्यु पोखरा मल्टि ट्रेडर्स प्रालिले पोखरा ५ पर्स्याङ्बाट सेवा शुभारम्भ गरेको हो। खेतको राजा, सडकको बादशाह सहित सार्वजनिक भएको सोनालिकाको बिभिन्न मोडलका ट्याक्टर बिक्रिका लागि राखिएको प्रालिका संचालक राजकुमार पौडेलले जानकारी दिए।

डिजेलबाट चल्ने सो ट्याक्टर खेत जोत्नका साथै बिभिन्न सामाग्रीको डेलिभरी गर्न राम्रो भारवहन क्षमता र सन्तुलित भएको सेल्स म्यानेजर नवराज पौडेलले बताए। शुभारम्भ कै दिन केही ट्याक्टर बिक्रि र बुकिङ समेत भएका छन्। शुक्रबार ट्याक्टर खरिद गर्ने पहिलो ग्राहकलाई कम्पनीले चावी हस्तान्तरण गरेको छ।




पोखरा, महेन्द्र गुफाका बलराम सुनारलाई प्रा लिका संचालक राजकुमार पौडेल, दीपक पौडेल,भानु मेसिनरीका सुदीपराज कोईराला,व्यवसायी अशोक केसी, रामचन्द्र पौडेल,लक्षिन खत्री र सेल्स म्यानेजर नरेश पौडेलले चावी हस्तान्तरण गरे। पोखरामा ४० को दशकमा भानु मेसिनरीले पहिलो पटक ट्याक्टर भित्र्याएर बिक्रि गरेको थियो। दुई दशक देखि यही व्यवसायमा संलग्न राजकुमार पौडेल र दीपक पौडेलले सो बिक्रि कक्ष संचालनमा ल्याएका हुन्। कक्षमा सोनालिका ब्रान्डमा १५ एच पि देखि १२५ एच पिसम्मका टु ह्विल र फोर ह्विल ड्राइभका ट्याक्टरहरु उपलब्ध रहेको अर्का संचालक दीपक पौडेलले जानकारी दिए। नेपालमा सबै भन्दा बढी बिक्री हुँदै आइरहेको सोनालिका ट्याक्टरलाई गण्डकी प्रदेशमा समेत सर्वोत्कृष्ट बनाउने लक्ष्य राखिएको प्रालिले जनाएको छ। इन्टरनेसनल ट्याक्टर्स लिमिटेडले उत्पादन गर्ने सोनालिका ट्याक्टर नेपाली बजारमा निकै नै लोकप्रिय मानिन्छन्।

# वैवाहिक वर्षगाँठको अवसरमा पोखरा वृद्धाश्रममा भोजन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ बैशाख

परम्परागतरुपमा वैवाहिक बर्षगाँठ तारे होटल वा भड्किलो कार्यक्रम गरेर मनाउने चलनमा पछिल्लो समय केही परिवर्तन देखिएको छ।

व्यक्तिगत खुशीलाई समाजिक उत्तरदायित्वसंग जोड्दै पोखराका पत्रकार घनश्याम पाण्डेले आफ्नो वैवाहिक जीवनको २५ औ बर्षगाँठ पोखरा वृद्धाश्रमका जोष्ठनागरिसंग मनाउनुभएको हो। समाजका विपन्न, असहाय तथा अपहेलित अवस्थामा रहेका ५० जना जेष्ठ नागरिकका लागि बिहानको खानाको व्यवस्था गर्नुभएको हो। जीवनको उत्तरार्धमा सहारा र अपनत्वको खोजीमा रहेका जेष्ठ नागरिकहरुसंग समय विताउँदै उनीहरुको सेवा गर्नुले कार्यक्रमलाई थप अर्थपूर्ण बनाएको वृद्धाश्रमका अध्यक्ष कुशुम केशव पराजुलीले बताउनुभयो। पत्रकार पाण्डेको यो पहलले व्यक्तिगत खुशीलाई समाजसंग बाँड्ने संस्कारको विकासको संकेत भएको बताउँदै उहाले भन्नुभयो, पछिल्लो समय बढ्दो खर्चिलो प्रवृत्तिवाट टाढा रहँदै यस्ता सामाजिक कार्यतर्फ आकर्षण बढ्नु सकारात्मक परिवर्तनको सुचक हो। पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले यस्ता उदाहरणीय कार्यले समाजमा सहयोग, सहानुभुति र मानवियताको भावना प्रवर्द्धन गर्न समहत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। वृद्धाश्रम आश्रित जेष्ठनागरिकलाई कृयाशिल बनाउन तरकारी खेतीतर्फ आकर्षण बढाउनु पर्ने बताउँदै उहाँले त्यस्का लागि कृषि महाशाखाबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। जानकी मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् सञ्चारकर्मी हरिप्रसाद बास्तोलाले सबैको सानो सहयोगले वृद्धाश्रम सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्ले विश्वास व्यक्त गर्दै पछिल्लो समय दुःख सुखका अवसरमा सामाजिक सेवामा समर्पित हुने क्रम बढेको बताउनुभयो। पत्रकार पाण्डेले पारिवारीक सल्लाह अनुसारनै पोखरा वृद्धाश्रममा आफ्नो वैवाहिक जीवनको वर्षगाँठ मनाउन पाउँदै अन्यत्तै खुशी लागेको बताउँदै आवश्यक पर्दा आश्रमलाई भोलीका दिनमा पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

# बागलुङका घरबास स्तरोन्नति गर्न अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ बैशाख

दिगो पर्यटन प्रवर्द्धन परियोजनाले निसीखोला र ढोरपाटनमा १८ घरबास स्थापना र स्तरोन्नतिका लागि रु ४५ लाख अनुदान दिएको छ।

ढोरपाटन नगरपालिका-९ स्थित ढोरपाटन उपत्यकाको पाखाथर सामुदायिक घरबास विस्तार गर्न र निसीखोला गाउँपालिकाको बुढाथोक गाउँको बुढाथोक नाखा सामुदायिक घरबास सञ्चालन गर्न रु दुई लाख ५० हजारका दरले अनुदान रकम प्रदान गरिएको हो। युवा उद्यमशीलता वृद्धि, महिलालाई आत्मनिर्भर बनाउने र व्यवस्थित रुपमा पर्यटकमैत्री घरबास सञ्चालन गर्न अनुदान दिइएको परियोजनाका प्रमुख अमर थापाले राससलाई बताउनुभयो।

ढोरपाटन नगरपालिकामा २० र निसीखोला गाउँपालिकामा १० घरबासव्यवस्थितरुपमासञ्चालनमा ल्याउने योजनाअनुसार अहिले निसीखोलाको चार घरमा बुढाथोक नाखा सामुदायिक घरबास र ढोरपाटन नगरपालिकास्थित पाखाथर सामुदायिक घरबासस्थित १४ घरलाई घरबास सञ्चालनका लागि अनुदान दिइएको उहाँले बताउनुभयो।

# पश्चिम एसियाको द्वन्द्वपछि ३० हजार नेपाली स्वदेश फर्किए

**रासस**
काठमाडौं, ११ बैशाख

पश्चिम एसियामा उत्पन्न द्वन्द्वपछि हालसम्म ३० हजारभन्दा बढी नेपाली नागरिक सो क्षेत्रबाट स्वदेश फर्किएका छन्।

संयुक्त राज्य अमेरिका र इरानबीचको युद्धले सो क्षेत्रमा तनाव उत्पन्न भएपछि वैदेशिक रोजगारीलगायतकाममागएकामध्ये ३० हजारभन्दा बढी नेपाली घर फर्किएका परराष्ट्र मन्त्रालयले आज पत्रकार सम्मेलनमार्फत जनाएको छ। मन्त्रालयका अनुसार ती नागरिकहरू तत्कालको परिस्थितिका कारण र बिदामा घर फर्कनुभएको हो। त्यसमध्ये २१ हजार नेपाली नागरिक कतारबाट फर्किएका मन्त्रालयको मध्येएसिया, पश्चिमएसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले जानकारी दिनुभयो। यसैगरी उक्त द्वन्द्वपछि मन्त्रालयको कन्सुलर सेवा विभागले सुरु गरेको अनलाइन पोर्टलमा हालसम्म सोक्षेत्रका ८७ हजार ८१९ जनाले आफ्नो अवस्थाका बारेमा दर्ता गराउनुभएको उहाँले बताउनुभयो। द्वन्द्वका क्रममा इरानको हर्मुज क्षेत्रमा पानीजहाजसहित पक्राउ परेका नेपाली नागरिक अमृत झाको रिहाईको पहल भइरहेको महाशाखाका प्रमुख खड्काले जानकारी दिनुभयो। उहाँ छिट्टै रिहाइ हुनुहुने मन्त्रालयले जनाएको छ। यसैगरी कामको सिलसिलामा इरानमा रहेका १० नेपाली नागरिकमध्ये दुई जना स्वदेश फर्कने तयारीमा रहनुभएको बताउँदै बाँकी आठ जना हाल सुरक्षित महसुस गरी इरानमा रहनुभएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो। मन्त्रालयले सो क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा र आवश्यक सहजताका लागि आपतकालीन प्रतिकार्य समूहमार्फत काम गरिरहेको जनाएको छ।

पत्रकार सम्मेलनमा प्रवक्ता क्षेत्रीले प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका लागि भारत सरकारबाट निमन्त्रणा प्राप्त भएको जनाउँदै भ्रमणको प्रारम्भिक तयारी भइरहेको उल्लेख गर्नुभयो। यसैगरी उहाँले हाल राहदानी वितरणको कार्य सहज रूपमा भइरहेको उल्लेख गर्दै जनतालाई घरमै गएर राहदानी पुऱ्याउने व्यवस्थाका लागि हुलाक विभागसँग समन्वय भइरहेको बताउनुभयो।

# कृषिउपज सङ्कलन केन्द्र सञ्चालमा

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ बैशाख

निर्माण सम्पन्न भएको पाँच वर्षपछि शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा कृषिउपज सङ्कलन केन्द्र सञ्चालनमा आएको छ।

खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले केन्द्र सञ्चालन गरेको हो। लामो समयदेखि प्रयोगमा नआएको उक्त केन्द्र रु दुई करोड ३० लाखमा निर्माण गरिएको हो। कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजनाअन्तर्गत बीउपुँजी घुम्ती कोष सञ्चालन कार्यक्रम सञ्चालनका लागि हालै नगरपालिका र सहकारीबीच सम्झौता भएपछि बिहीबारदेखि केन्द्र सञ्चालन भएको हो। नगर प्रमुख कृष्णराज पण्डितले कानुनी प्रक्रिया पुऱ्याएर कृषिउपज सङ्कलन तथा बिक्री केन्द्र सञ्चालनका लागि यस अगाडि प्रयास गरिए पनि कोही सम्पर्कमा नआउँदा ढिलाइ भएको बताउनुभयो। शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा निर्माण भएको केन्द्रमा रु दुई करोड ३० लाख लगानी भएको छ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०१/१२

यस कम्पनीको मिति २०८३/०१/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविकको जि. टि. एजुकेशन कर्पोरेशन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने व्यहोर्न पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८३/०१/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी ग्लोबल टच कर्पोरेशन प्रा.लि. (अंग्रेजीमा यसलाई Global Touch Corporation Pvt. Ltd) कायम गरिएको जानकारी गराईन्छ।


# नेपाल-इजिप्टमैत्री दौड सम्पन्न

**रासस**
काठमाडौं, ११ बैशाख

इजिप्टको राजधानी कायरोमा माउन्ट एभरेष्ट दिवस र अन्तरराष्ट्रिय वेलनेस दिवसका अवसरमा शुक्रबार नेपाल-इजिप्टमैत्री दौड आयोजना गरिएको छ।

पाँच किलोमिटरको मैत्री दौड नेपाली राजदूतावास, कायइरोले इजिप्टको स्थानीय विकास तथा वातावरण मन्त्रालय र वादी देग्ला प्रोटेक्टोरेटको सहकार्यमा आयोजना गरेको दूतावासले जनाएको छ। 'हिमालयदेखि नाइलसम्म-हरित भविष्यका लागि दौडौं' भन्ने नाराका साथ सुरु भएको उक्त दौडको उद्घाटन नेपालका लागि इजिप्टस्थित राजदूत सुसिलकुमार लम्साल तथा इजिप्टको स्थानीय विकास तथा वातावरण मन्त्रालयअन्तर्गत संरक्षित क्षेत्रको केन्द्रीय प्रशासन प्रमुख डा मोहम्मद युसुफले गर्नुभएको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ। उद्घाटन समारोहमा राजदूत लम्सालले सन् १९५३ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो सफल आरोहणको सम्झनामा मनाइने माउन्ट एभरेष्ट दिवसलाई मानव सङ्कल्प र साझेदारीको प्रतीकका रूपमा उल्लेख गर्नुभयो। साथै उहाँले हालै नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले घोषणा गरेको अन्तरराष्ट्रिय वेलनेस दिवसको महत्वमाथि प्रकाश पार्नुभयो।

राजदूत लम्सालले जलवायु परिवर्तनलाई साझा विश्वव्यापी चुनौतीका रूपमा उल्लेख गर्दै यसको प्रभाव नेपाल र इजिप्ट दुवैमा देखिन थालेको बताउनुभएको थियो। प्रमुख डा युसुफले कार्यक्रमको आयोजना र यसले वातावरणीय सचेतना तथा दिगोपनाको क्षेत्रमा दिएको सन्देशको प्रशंसा गर्दै वातावरण संरक्षण र हरित भविष्य निर्माणप्रति इजिप्टको प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो। पाँच किलोमिटर दौड विशेष ट्रेल वादी देग्ला प्रोटेक्टोरेटको प्राकृतिक क्षेत्रमा हुँदै आएको थियो, जुन लगभग ३० किलोमिटर फैलिएको संरक्षित मरुभूमि उपत्यका हो। यसले स्थानीय मरुभूमि पारिस्थितिक प्रणाली र वन्यजन्तुको संरक्षण गर्दछ। कार्यक्रममा कूटनीतिज्ञ, विद्यार्थी, स्थानीय खेलाडी तथा नेपाली समुदायका सदस्यसहित ३५० भन्दा बढीको सहभागिता थियो।

# दन्त परीक्षण शिविरबाट आठ सय लाभान्वित

**पोखरापत्र संवाददाता**
पर्वत, ११ बैशाख

पर्वतको फलेवास नगरपालिका-खानीगाउँमा सञ्चालन भएको पाँच दिने निःशुल्क दन्त परीक्षण शिविर सम्पन्न भएको छ।

ग्रामीण भेगका नागरिकलाई लक्षित गर्दै सञ्चालन गरिएको उक्त शिविरमा आठ सय जना दन्तरोगीको निःशुल्क उपचार गरिएको छ। धुलिखेल अस्पताल तथा काठमाडौं विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्सको संयुक्त आयोजनामा सञ्चालन भएको शिविरमा ७९१ जनाको उपचार गरिएको हो।

दाँत सफा गर्ने, भर्ने, उखेल्ने, चम्काउने, मुख तथा दन्त रोगको परीक्षण र परामर्श लगायतका सम्पूर्ण सेवा निःशुल्क रूपमा



प्रदान गरिएको आयोजकले जनाएको छ।

सामान्यतया महँगो पर्ने दन्त उपचार सेवा गाउँमा निःशुल्क पाइएपछि सेवाग्राहीहरू लाभान्वित भएका छन्। शिविरमा विशेषज्ञ डा स्वागत महन्त र नीरज द्व्याकुसहित १७ जनाको स्वास्थ्य टोली खटिएको थियो भने ५० जना दन्तरोगसम्बन्धी अध्ययनरत विद्यार्थीले प्रत्यक्ष रूपमा सेवा प्रदान गरेका थिए।

शिविरमा पर्वत जिल्ला र छिमेकी बागलुङ जिल्लाबाट सर्वसाधारण उपचारका लागि आएका थिए।

विशेषगरी दाँत दुख्ने, गिँजासम्बन्धी समस्या, कीरा लाग्ने तथा पुराना दन्त समस्याबाट पीडित नागरिकले शिविरबाट लाभ लिएको धुलिखेल अस्पताल फलेवासले जनाएको छ।


*भाका भुल दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो !*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो !!*

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
२०१६ चैत्र १६ गते

स्वर्गारोहण
२०८२ फागुन २८ गते

### स्व. कृष्ण थापा

राजनीति, विकास र कलासंगीतका त्रिवेणी, बाटुलेचौरको माटोको गौरव, सयौ जीवनका मार्ग दर्शक, प्रेरणा र सहारा, पोखरा एकेडेमी, बाटुलेचौरका परिकल्पनाकार संस्थापक **कृष्ण थापा** को अल्पायुमै आकस्मिक प्राणान्तको जानकारीले समस्त विद्यालय परिवार स्तब्ध र मर्माहत भएको छ। लाग्छ, उहाँको पार्थिव अनुपस्थिति र अभाव अनि सास रहेसम्मको योगदान र कर्मलाई सम्बद्ध सम्पूर्ण क्षेत्रले चिरकालसम्म महसुस गर्नेछन्। यस दुःखद घडीको आज ४५औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवार लगायत सम्पूर्ण आफन्तजनलाई विधिको यो विडम्वना पार गर्न सक्ने शक्ति र धैर्यताको कमी नहोस् साथै देहमुक्त आत्माको चिरशान्तिको कामना सहित **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं।

**पोखरा एकेडेमी परिवार**
पोखरा-१६, बाटुलेचौर